# चामे गाउँपालिका

# तातोपानी कुण्ड (प्रबर्द्धन तथा व्यवस्थापन) कार्यविधि, २०७७

**गाउँपालिकाबाट स्वीकृत मिति : २०७७ ।०३ ।३०**

**२०७७**

**गाउँ कार्यपालिकाको कार्यालय**

**चामे, मनाङ**

**गण्डकी प्रदेश, नेपाल**

**प्रस्तावना** : चामे गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक श्रोतसाधन एवं सम्पदाहरुको दिगो व्यवस्थापन मार्फत संरक्षण, विकास र सदुपयोग गरी आर्थिक, पर्यावरणीय र पर्यटकीय लाभ हासिल गर्ने अवधारणा अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) ले दिएको अधिकारको प्रयोग गर्दै यस गाउँपालिकाको वडा नं.५ स्थित (क्षेत्र भित्र) रहेको प्राकृतिक तातोपानी कुण्डलाई व्यवस्थित रुपमा सञ्चालन गर्न गाउँ कार्यपालिकाले "तातोपानी कुण्ड (प्रबर्द्धन तथा व्यवस्थापन) कार्यविधी, २०७७" बनाई लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधीको नाम तातोपानी कुण्ड (प्रबर्द्धन तथा व्यवस्थापन) कार्यविधी २०७७ रहेको छ ।

(२) यो कार्यविधी गाउँपालिकाले राजपत्रमा प्रकाशन गरेको मितिदेखी लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

(क) "आगन्तुक" भन्नाले उपचार वा मनोरञ्जन प्रयोजनकालागी तातोपानी कुण्डमा आउने व्यक्तिलाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले चामे गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कुण्ड" भन्नाले प्राकृतिक रुपमा सिर्जना भएका पानीका ताल, पोखरी, सरोवर वा पानी जम्मा भएको यस्तै प्रकृतीका स्थानलाई सम्झनु पर्दछ ।

(घ) "गाउँपालिका" भन्नाले चामे गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "समिति" भन्नाले कुण्ड संरक्षण, सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी तोकी दफा ५ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

३. **कुण्ड सञ्चालनका उद्देश्य देहाय बमोजिम हुनेछन:** यस कार्यविधि देहायका **उद्देश्य** पुरा गर्न क्रियाशील रहनेछ ।

(क) चामे गाउँपालिकाभित्र वडा नं. ५ स्थित प्राकृतिक रुपमा रहेको तातोपानी कुण्ड तथा यस्तै अन्य कुण्डहरुको गा.पा.को सम्पतिको रुपमा रहेका कुण्डको पहिचान, संरक्षण र प्रबर्द्धन गर्नु,

(ख) तातोपानी कुण्डलाई प्राकृतिक उपचार र पर्यटन प्रबर्द्धनका लागि उपयोग गर्नु,

(ग) तातोपानी कुण्डको संरक्षण गर्न यसको दिगो व्यवस्थापनमा जोड दिनु

(घ) गाउँपालिकाको आय आर्जनको श्रोतको रुपमा विकास गर्ने।

४. **कुण्डका बारे जानकारी दिनुपर्ने :** (१) गाउँपालिका क्षेत्रभित्र हाल भएका र पछी पहिचान हुने प्राकृतिक श्रोतको रुपमा रहेको तातोपानीका श्रोत तथा कुण्डको बारेमा सम्बन्धित जग्गा धनीले गाउँपालिकालाई जानकारी दिनुपर्नेछ ।

(२) गाउँकार्यपालिकाले कानुन बमोजिम मुआव्जा दिएर त्यस्तो जमिन उपयोग गर्न सक्नेछ ।

(३) कुण्ड रहेको जमिन अधिग्रहण सम्बन्धि कार्यबाही सो सम्बन्धी कानूनद्वारा निर्देशित हुनेछ ।

## परिच्छेद २

## संरक्षण तथा व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

५. **संरक्षण तथा व्यवस्थापन समितिको गठन** : (१) प्राकृतिक तातोपानी कुण्डको संरक्षण, सञ्चालन र व्यवस्थापनका लागि कार्यपालिकाले देहाय बमोजिमको कुण्ड संरक्षण तथा व्यवस्थापन समिति गठन गर्नेछ ।

| | |
|---|---|
| १. सम्बन्धित वडाका वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्य | अध्यक्ष |
| २. सम्बन्धित वडाका एकजना महिला वडा सदस्य | सदस्य |
| ३. सम्बन्धित वडामा रहेको विद्यालयका शिक्षक/ आमासमूह/यूवा क्लव/समाजसेवी मध्ये गा.पा.को अध्यक्ष वाट तोकिएको २ जना प्रतिनीधि | सदस्य |
| ४. वडा सचिव वा वडा सचिवले तोकेको कर्मचारी | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठन गरिएको समितिले कार्यपालिकाले दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

६. **समितिको बैठक सम्बन्धी व्यवस्था :** (१) समितिको बैठक सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

(क) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(ख) सदस्य सचिवले बैठक बस्ने मिति, समय र स्थान तोकी छलफलको विषय सूचि सहितको सूचना बैठक बस्ने समय भन्दा चौवीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

तर अध्यक्षले आवश्यक ठानेमा जुनसुकै बेला पनि मनासिव कारणसहित तत्काल समितिको बैठक बोलाउन सक्नेछ र पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(घ) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(ङ) समितिको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(च) समितिको निर्णय अध्यक्षबाट प्रमाणित गराई दस्य सचिवले सुरक्षित राख्नेछ ।

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सघं संस्थाका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **कुण्डको संरक्षण तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) तातोपानी कुण्डको मुल तथा कुण्ड क्षेत्रको संरक्षण, सरसफाई, रेखदेख तथा सु-सञ्चालन र व्यवस्थापन सम्बन्धी थिती बसाल्ने,

(ख) कुण्डको प्राकृतिक, पर्यटकीय र स्वास्थ्य सम्बन्धी महत्वबारे स्थानीय तथा आगन्तुकलाई महत्व बुझाउने,

(ग) कुण्डको विकास तथा प्रवर्द्दनका लागि सम्भावना पहिचान गर्ने तथा प्रचार प्रसार गर्ने,

(घ) स्नान गर्न आएका आगन्तुकलाई व्यवस्थित रुपमा स्नान गर्ने व्यवस्थाका लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गर्ने,

(ङ) उपयुक्त सेवा शुल्क तोक्ने, शुल्क उठाउने, हिसाब चुस्तदुरुस्त राख्ने र सो सम्बन्धी मासिक प्रतिवेदन तयार पार्ने र सार्वजनिक गर्ने,

(च) आवश्यक कर्मचारी नियुक्त गर्ने र तिनको परिचालन तथा व्यवस्थापन गर्ने,

(छ) मासिक तथा बार्षिक आय व्यय सार्वजनिक गर्ने तथा बार्षिक कार्यक्रम प्रस्ताव गर्ने,

(ज) कुण्ड व्यवस्थापनको सम्बन्धमा गाउँपालिकालाई चौमासिक प्रतिवेदन तथा प्रगति विवरण पेश गर्ने तथा प्राप्त निर्देशन अनुसार काम गर्ने ।

(२) समितिले उपदफा (१) बमोजिमको कार्य प्रभावकारी रुपमा सम्पादन गर्न नसकेको भनी कार्यापालिकाका एक तिहाई सदस्यले अध्यक्ष समक्ष लिखित रुपमा गुनासो गरेमा कार्यपालिकाको बहुमतको निर्णयका आधारमा उल्लिखित समिति विघटन गरी छुट्टै समिति गठन गर्न सक्नेछ

## परिच्छेद ३

## कुण्डको आर्थिक व्यवस्थापन

८. **गाउँपालिकाले अनुदान दिन सक्ने :** (१) कुण्डको प्रवर्द्धन, विकास तथा संरक्षणका लागि गाउँपालिकाले अनुदान दिन सक्नेछ ।

(२) यसरी अनुदान दिनुपूर्व गाउँपालिकाले अनुदानका लागि प्रयोजन खुलेको प्रस्ताव माग गर्न सक्नेछ र प्रस्तावित कार्यका लागि कुण्डको आयव्ययबाट सम्भव नहुने अवस्थामा मात्र अनुदान दिनुपर्नेछ ।

(३) गाउँपालिकाबाट प्राप्त अनुदानको खर्च गर्ने, लेखा राख्ने, लेखा परिक्षण गराउने र प्रतिवेदन दिने लगायतका कार्यका लागि कुण्ड संरक्षण तथा व्यवस्थापन समिति जिम्मेवार हुनेछ ।

(४) गाउँपालिकाले कुण्डको भौतिक पूर्वाधार विकासका कार्यक्रममा मात्रै अनुदान दिनेछ । चालु प्रकृतिका कार्य र कुण्डको दैनिक प्रशासन सञ्चालनको लागि आन्तरिक श्रोतबाटै व्यहोर्ने व्यवस्था समितिले मिलाउनुपर्नेछ ।

९. **शुल्क तोक्ने सम्बन्धि व्यवस्थाः** (१) आगन्तुकको संख्या, उपलव्ध सेवा र उपलव्ध भौतिक पूर्वाधारका आधारमा समितिले कार्यापालिकाको निर्णयका आधारमा उपयुक्त ठहर्याएको शुल्क तोक्न सक्नेछ र यसरी तोकिएको शुल्क प्रत्येक बर्ष पुनरावलोकन गर्न सक्नेछ ।

(२) सामुहिक रुपमा स्नान गर्न नचाहने व्यक्ति, परिवार वा समूहले बढीमा एक दिनका लागि कुण्ड भाडामा लिन सक्नेछन् ।भाडा वापत समितिले एकमुष्ठ शुल्क तोक्न सक्नेछ ।यसरी कुण्ड भाडामा दिइएको सूचना कम्तिमा एक दिन अघि नै सुचना पाटीमा टाँस गर्नु पर्नेछ ।

(३) समितिले विशेष वर्ग, क्षेत्र वा व्यक्तिका लागि कुण्डमा स्नान गर्न आधारभूत शुल्कमा २५ प्रतिशतमा नबढ्ने गरी सहुलियत उपलव्ध गराउन सक्नेछ,

(४) कुण्डमा स्नान गर्नका लागि शुल्क तिरेका आगन्तुकलाई अनिवार्य रुपमा सो को रसिद दिनुपर्नेछ ।

कुण्डको आम्दानी तथा खर्च : (१) कुण्ड व्यवस्थापन समितिले कार्यपालिकाले तोकिए वमोजिम कुण्डको आम्दानी तथा खर्चको व्यवस्थित हिसाव राख्नु पर्नेछ ।

(२) व्यवस्थापन समितिले हरेक महिना कुण्डबाट भएको आम्दानी तथा खर्चको विवरण अनुसूची १ बमोजिमको कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) कुण्ड सञ्चालनका लागि बार्षिक आयको बढीमा ५० प्रतिशत चालु खर्च र ५० प्रतिशत कुण्डको भौतिक पूर्वाधार विकासमा पूँजीगत खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद ४
## कुण्ड सञ्चालनका पक्ष

१०. स्नान सम्बन्धी विशेष व्यवस्था : (१) समितिले उपलव्ध श्रोत साधन र आवश्यकताका आधारमा व्यक्तिगत रुपमा स्नान गर्न मिल्ने छुट्टै धारा र सामुहिक रुपमा स्नान गर्ने कुण्ड गरी दुवै व्यवस्था क्रमश मिलाउदै जान सक्नेछ ।

(२) समितिले आवश्यकता अनुसार ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिका लागि सहज रुपमा स्नान गर्न सक्ने गरी छुट्टै व्यवस्था मिलाउन सक्नेछ

(३) फरक फरक व्यवस्थाका लागि समितिले शुल्क छुट दिन वा छुट्टा छुट्टै सेवा शुल्क तोक्न सक्नेछ

११. कुण्ड खुल्ने र बन्द हुने समय : आगन्तुकको सुरक्षा , संख्या र आवश्यकता अनुसार समितिले कुण्ड खुल्ने र बन्द हुने समय तोक्न सक्नेछ र हप्ताको सातै दिन सञ्चालनको व्यवस्था मिलाउन सक्नेछ ।

१२. कुण्डमा पस्न मनाही : (१) आगन्तुक मध्ये कसैलाई गम्भिर प्रकृतिको सरुवा रोग लागेको थाहा हुन आएमा समितिले त्यस्तो व्यक्तिलाई सामुहिक कुण्ड प्रवेशमा रोक लगाउन सक्नेछ ।

(२) आगन्तुकले असामाजिक तथा अमर्यादित कार्य गरेमा वा गर्न लागेको शंका लागेमा त्यस्तो व्यक्तिलाई कुण्डबाट तत्काल बाहिर पठाउन सकिनेछ ।

(३) सामुहिक कुण्डको आकार र क्षमताका आधारमा एकपटकमा अधिकतम कतिजनालाई सेवा दिने भन्ने विषयमा समितिले आवश्यक निर्णय गर्न सक्नेछ ।

(४) समितिले आगन्तुकका लागि छुट्टै आचार संहिता तयार गरी लागू गर्नेछ ।

१४. लैङिक मैत्री हुनुपर्ने : (१) सामुहिक कुण्डमा स्नान गर्न महिला र पुरुषका लागि अनुसूची २ बमोजिमको छुट्टा छुट्टै समय तालिका वा एक आपसमा असर नपार्ने गरी छुट्टा छुट्टै कुण्डको व्यवस्था मिलाउनु पर्नेछ ।।

(३) कुण्डमा निर्वस्त्र प्रवेश गर्न दिइनेछैन र कुण्डको सफाई तथा तापक्रम एकनासले कायम राखिरहन समितिले उपयुक्त सम्झेका बस्त्र तोकी अनिवार्य गर्न सक्नेछ ।

(४) कुण्डमा प्रवेश गर्नु अघि र स्नान गरिसकेपछी बस्त्र परिवर्तनका लागि समितिले छुट्टै कक्षको व्यवस्था गर्नुपर्नेछ ।

(५) कुण्डमा साबुन, स्याम्पु, सरफ वा यस्तै कुनै पनि चिजहरुको प्रयोग गर्न पाईने छैन ।

(६) कुण्डमा तोकिएको स्थानमा मात्र वस्त्र(कपडाहरु) को सरसफाई गर्नुपर्ने छ।

१५. कुण्डको सरसफाई र नियमित सम्भार: समितिले हरेक दिन सामुहिक कुण्डको पानी सम्पूर्ण रुपमा फेर्ने व्यवस्था मिलाउनुपर्नेछ र सफा पानी भर्ने व्यवस्था गर्नु पर्नेछ।

## परिच्छेद ५

## विविध

१६. अनुगमन तथा निरिक्षण : गाउँपालिकाले कुण्ड व्यवस्थापन तथा सञ्चालनका सम्बन्धमा समय समयमा अनुगमन तथा निरिक्षण गरि आवश्यक देखेका विषयमा समितिलाई निर्देशन दिन सक्नेछ ।

१७. गुनासो सुनुवाईको व्यवस्था : (१) कुण्ड व्यवस्थापनका सम्बन्धमा आगन्तुकहरुको गुनासो सम्बोधनका लागी समितिले गुनासो पेटिका राख्नु पर्नेछ । कुनै आगन्तुकले प्रत्यक्ष रुपमा गुनासो व्यक्त गर्न चाहेमा समितिले गुनासो सुनुवाई तथा गुनासो सम्बोधनका लागि सम्पर्क व्यक्ति तोक्नु पर्नेछ ।

(२) आगन्तुकबाट महिना भर प्राप्त भएका गुनासो र उक्त गुनासाको सम्बोधनका लागि समितिले गरेका कार्यहरुको सम्बन्धमा अनुसूची ३ बमोजिमको ढाँचामा प्रत्येक महिना गाउँपालिका समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१८. गाउँपालिकाले तातोपानी कुण्डको संरक्षण, सञ्चालन तथा व्यवस्थापनका लागि प्रचलित ठेक्का पट्टा सम्बन्धी कानून बमोजिम नीजि क्षेत्रलाई जिम्मेवारी दिन समेत सक्नेछ।

१९. उत्तरदायिः यस कार्यविधिमा जे जस्तो व्यवस्था भए पनि कुण्ड व्यवस्थापन समिति गाउँ कार्यपालिका प्रति पुर्ण उत्तरदायि हुनुपर्ने छ।

२०. बाधा अडकाउ फुकाउ : यो कार्यविधी कार्यान्वयन गर्ने क्रममा कुनै वाधा अडकाउ परेमा समितिको अनुरोधमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

२१. संशोधन गर्न सकिने : कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन गर्न तथा थप व्यवस्था गर्न सक्नेछ ।

अनुसूची १

कार्यविधीको दफा १० को उपदफा (२) बमोजिम

## आम्दानी तथा खर्चको मासिक प्रतिवेदन

**१.आम्दानीको विवरण**

| क्र.सं. | मिति | श्रोत | आम्दानी रकम | दाखिला गरेको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |

**उल्लेख गर्नुपर्ने थप व्यहोरा भए :**

**१.**

**२.**

**३.**

२. **खर्चको मासिक विवरण**

| क्र.सं. | मिति | खर्चको व्यहोरा | खर्च रकम | खर्चको श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |

उल्लेख गर्नुपर्ने थप व्यहोरा भए :

१.

२.

३.

३. .............महिनामा  बचत भएको जम्मा रकम ......................।

## अनुसूची २

### कार्यविधीको दफा १४ को उपदफा (२) बमोजिम

### स्नान गर्ने समय तालिका तथा अभिलेख

मिति : .........................

कुण्ड खुल्ने समय : विहान ७ बजे

कुण्ड बन्द हुने समय : साँझ ७ बजे

| क्र.सं. | कुण्ड प्रवेश गर्ने समूह | समय |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |

अनुसूची ३

कार्यविधीको दफा १७ को उपदफा (२) बमोजिम

गुनासो व्यवस्थापन अभिलेख

| क्र.सं. | गुनासो दर्ता गर्ने व्यक्ति | गुनासोको व्यहोरा | कारबाहीको विवरण |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |